D.A.O. Kathmandu Regd. No.:451-2071/072

हरियाली रक्षक

Green Guard Bimonthly Magazine

वर्ष-५, अंक-१२ | *Complimentry for school children* | Jan/Feb - 2018



- सङ्कटको भूमरीमा फस्दै धरा



- जलवायु परिवर्तन र विश्वव्यापी सङ्कट



सेव स्कुल , सामाखुसी विशेष

Glimpses of Green Guard



Appeal to the minister of forest



Mansingh Dharma sec School



Master level students at study



Appeal to the state minister of forest



Distribution of Green guard magazine



Batuk Bhairab Primary School, Chisapani

सम्पादकीय .....

बालप्रतिभाले प्रकृतिका गुण, आवश्यकता र महत्त्वलाई चिन्नु, जान्नु भोलिको सुन्दर भविष्यलाई सुनिश्चित तुल्याउनु हो । यस 'हरियाली रक्षक नेपाल' ले आजका बालबालिका भोलिका भविष्य निर्माता हुन् भन्ने कुरालाई मध्यनजर गर्दै प्रकृति र यसको महत्त्वको बारेमा जानकारी गराउने प्रयास गरिरहेको छ । बालबालिकाले जलवायु परिवर्तन, भूक्षय, बाढी-पहिरो, प्रदूषण लगायतका विश्वव्यापी र स्थानीय समस्या तथा समाधानका जिम्मेवारीलाई बोध गर्दै गएमा भोलिको हरियाली वातावरण निर्माणमा टेवा पुग्न सक्ने देखिन्छ । यसर्थ यस्ता आजका जल्दाबल्दा समस्यामा हर तरहले सहयोग गरिरहनुहुने सम्पूर्ण शुभेच्छुक वर्गमा हाम्रो पत्रिका टिम सदैव आभारी छ । विशेषतः सामाखुसी इङ्गलिस बोर्डिङ (सेब) स्कुलको 'सेब विशेषाङ्क' प्रकाशनमा स्कुलको तर्फबाट आदरणीय युवराज थापा तथा विद्यालय परिवारबाट प्राप्त भएको अमूल्य सहयोगप्रति प्रकाशन तथा सम्पादन मण्डल कृतज्ञता प्रकट नगरिरहन सक्दैन । विद्यालयीय परिवेशमा वातावरण शिक्षाको आवश्यकतालाई समेत मध्यनजर गरी हरियाली रक्षक नेपालले जनचेतना जगाउने प्रयास गरिरहेको छ। यस अङ्कमा 'सेब विशेषाङ्क' प्रकाशनका लागि अवसर प्राप्त भएको छ । अतः यस स्कुलका विद्यार्थीले विभिन्न खाले विधामार्फत् प्रकृति संरक्षणका सोच बढाएका विषय विचारणीय बनेका छन् ।

शुभकामना



- युवराज थापा

'हरियाली रक्षक नेपाल'ले प्रकृतिको संरक्षण, जलवायु परिवर्तन, वन र वन्यजन्तुको रक्षा जस्ता अतिआवश्यक विषयमा बालबालिकाहरूमा जागरण उत्पन्न गराउँदै आएको यो सुन्दर प्रयास अत्यन्तै सह्राहनीय छ। आजका कलिला बालबालिका भोलिका भविष्य निर्माता हुन् । यिनलाई प्रकृतिप्रदत्त बनाएर 'बाल प्राकृतिक संरक्षणको सोच' सँगै जागरणको भाव पैदा गर्ने यो संस्थाको यस पुनित कार्यले सदा स्थायित्व पाओस् । यसै सन्दर्भमा हाम्रो विद्यालयका विद्यार्थीहरूलाई पनि यस्तो सुन्दर अवसर दिई हाम्रै स्कुलका नामबाट 'सेब विशेषाङ्क' नै प्रकाशन गराउनुहुँदा यहाँहरूप्रति विद्यालय परिवार तथा मेरो व्यक्तिगत रूपबाट हृदयदेखि नै आभारी छौं । आजका पुस्तालाई वातावरण संरक्षण जस्तो सुकार्यमा संलग्न गराउने तथा आजको समाज, राष्ट्रलाई नै मार्गदर्शन प्रदान गर्ने यहाँहरूको प्रयास समग्र सजीव प्राणीका लागि हीतकारक छ । प्रकृति र जीवनको सहसम्बन्ध गाँस्ने सुन्दर, व्यावहारिक र आजको आवश्यकतामुखी यो सुकार्यले सदैव निरन्तरता पाइरहोस् । मेरो मुरी मुरी शुभकामना !

.....
निर्देशक
सेब स्कुल, सामाखुसी

LVDI INTERNATIONAL

Chief Editor : Madhav Paudyal
Associate Editor : Ramesh Bhattarai
Satchit Ghimire
Thaneshwor P. Basyal
Shashi K. Sharma

Reporter : Biraj Pun

Editor : Bishwanath Rijal
Admin. Co-ordinator : Bhupraj Bhusal
Academic. Co-ordinator : Sunil Khanal
Photo : Green Guard
.....
Design & Layout : Deepak Thapa

Printed at : Global Print Connection, Dillibazar

Office: Anamnagar, Kathmandu, Mobile: 9808244120, E-mail:greenguard2016@gmail.com

कविता



करुणा, अहिंसा र प्राणी अधिकार

रमेश भट्टराई 'सहृदयी'

१.
यो पृथ्वी कसैको जिजुबाको दाइजो भए
लाखौँ निरीह जीवसँग कर उठाइन्थ्यो होला
तिम्रो सर्वश्रेष्ठताको माप के हो मान्छे ?
अहिंसा परमो धर्म ठूलो या जिब्राको तृष्णामा मांसाहार ?
विज्ञानलाई सोध... बुद्धलाई सोध....
तिम्रो र तिनको शारीरिक तत्त्वमा के भिन्नता छ रे ?
संवेदनाले भरिएका ती निरीह प्राणीको भावना चुँड्दा
तिनको ममता, मातृत्व, पितृत्व छुट्दा
बाच्छाको ममतामा आँशु बहाउने गाईलाई
कहाँ चक्का जाम गर्ने खुबी छ र !
बबुराको रोदनलाई कुन अदालतले सुन्छ र !

२.
प्रत्येक बिहान, दिन र रातमा हत्या गरिने जीवसँग
मानवीय स्वार्थ र अत्याचारको एकल, निरङ्कुश नियम छ
तिम्रो जिब्रोको प्रत्येक स्वादका कणमा
निरीहको प्राण हरण, संवेदना निमोठेको दोष छ !
बाघलाई मीठो आँप खाने गुण भगवान्ले दिएनन्
सिंहसँग किबी, अनारसको स्वाद लिने गुण छैन
हिंसाप्रेमी तिम्रो रुपमा आहार विहारको के नियम छ ?
न मांसाहार तिम्रो लागि स्वास्थ्यहीतमा छ
शाकाहारमा आर्थिक बचत, स्वच्छ सोच र पवित्रताको विचार छ
न्युटन, सोक्रेटस, गान्धी बन्नलाई शाकाहारको पाठ चाहिन्छ।

३.
कुविचार, कपटको तुच्छ विचार र व्यवहारलाई उकेरा हाल्ने
आपराधिकतासँग तिम्रो डिप्रेसनमा मलजल हुन्छ
तिमी पृथ्वीलाई प्रदूषित बनाउने प्रपञ्च रच्छौ
प्रत्येक फाममा बाँधिएका, किलामा भोकै अल्झेर मर्ने प्राणीसँग
वेदनाको एक शब्द दान माग
तिमीले बाँधेका प्राणीलाई खर्चिएका अन्नले
भोकमरीको मार र व्यापार घाटालाई डाक्दै छ
प्राणीको हत्यासँग चोर मान्छेको निसानी जारदै छ
लोप भएका सृष्टिका सूचकलाई शान्ति छैन
युद्ध पिपासु मान्छेसँग प्राणी अधिकारको ख्याल छैन
कानुन रित्तो छ।

४.
संविधानका प्रत्येक पानामा
एकलौटी राजका काला अक्षर छन्, थाहा छ
निरीह, निर्दोष प्राणी रोदन र विलौना खोलाको गीत हो
कस्ले गम्छ एक्काइसौँ शताब्दीको प्राविधिक युगमा
विवाह र खुसीवाला पाटीमा मासु र रक्सिको अट्टहाससँग
दानवी मान्छेको कर्कस नजरलाई हेर्छ
तर,
प्रत्येक गोसखानका कारुणिक चित्कार
उँधोमुन्टो पारेर बाइकमा घिसारिएका कुखराहरू
गाडीमा कोचिएका भैँसी, बाखा, भेडाको त्यो दारुण क्रन्दन पीडा
के तिमी यी श्राप भोग्न तयार छौ त मान्छे ?
निर्दोष प्राणी रक्षार्थ शास्त्रले सिकाएको सम्मान खोइ ?
न बँदेलले स्वतन्त्र हुँदा पृथ्वी ढाकेको छ
के अर्ना, जङ्गली हात्तीलाई जङ्गलमै अड्याउने क्षमता तिमीमा छैन ?
तिमीसँग प्राणी रक्षा गर्ने खुबी छ
तिमीसँग प्राणी अधिकार बचाउने शक्तिको कृपा छ
के तिमी मानव बन्न सक्दैनौ त
प्राणी अधिकार र अहिंसा, करुणा लुछ्नेसँग प्रश्न छ
के यो धर्ती तिम्रो तानाशाही शासनसत्ता स्थल हो र मान्छे ?

-bhattarairamesh353@gmail.com



निबन्ध

प्रकृतिप्रेमी म



सुजित महत , कक्षा : नौ 'क'

जब म प्रकृतिलाई हेर्न थाल्दछु तब ममा भावनाका छालहरू तरङ्गित भएर आउँछन् । त्यो भावनालाई म ओठमा हाँसो लिएर खुसीको रूपमा व्यक्त गर्दै प्रकृतिमा डुब्न थाल्दछु । मेरो भावनालाई बुझ्ने साँच्चै प्रकृतिजस्तो लाग्छ मलाई जहाँ म दुःखका लहर होइन खुसीका पललाई नियाल्छु । प्रकृतिमा गुञ्जिएको त्यो चराचुरुङ्गीको सुमधुर आवाज सुन्दै त्यहाँ हराउन थाल्दछु, रम्न थाल्दछु अनि हाँस्न थाल्दछु । स्वर्णिम सपना हो- मेरो प्रकृतिमा रमाउने । मैले प्रकृतिलाई आफ्नो आँखाको नानीमा राखेर नियाल्न चाहन्छु । भावनालाई प्रकृतिको सुन्दरतासँग भरेर म मुटुको ढुकढुकीमा राख्न सक्छु । त्यो प्रकृतिको सौन्दर्यतामा आकाश भेट्ने अनि चङ्गाजस्तै हावामा तरङ्गित हुन मन लाग्छ । त्यो शितल मौसममा हराउन मन लाग्छ । हरियो वनपाखासँग मितेरी गाँसेर रमणीय दृश्य नियाल्दा म स्वर्गको आभाष गर्दछु । सिरसिर चलेको हावामा झुलेका ती हरियाली जङ्गलसँग झुल्न थाल्दछु म । अनि म भन्दछु-

प्रकृति तिमीले माया मारे त म कसरी बाँचूला
तिमी नै नहाँसे त म कसरी हाँसूला

त्यहाँ म आनन्दको पोटरी खोल्छु । म झुल्छु । प्रकृतिको माटोमा लड्बडाएर खेल्दै, हिँड्दै जाँदा उसैको न्यानो मायामा रमाएको अनि आधार पाएर रमाएजस्तो लाग्छ मलाई । प्रकृतिको सन्तान म प्रकृतिले मलाई राम्रासँग बुझेको छ किनकि मलाई यसको मनोरमताले तानेको छ । प्रकृतिमा बगेका ती नदीनालाको पवित्र जलमा भिज्दा पुलकित हुन्छु । मलाई त्यो खोलासँगै एकछिन शीतलताको दान माग्न मन लाग्छ । प्रकृति मेरी आमा हुन् जसले मलाई हँसाउन अनि रमाउन सिकाएकी छिन् । प्रकृतिको माटोले सभ्य हुन सिकाएको छ र प्रकृतिलाई बचाउने नायक बन्न सिकाएको छ ।

■■■



Art by: Kritika Koirala
Class : 3 'A'

Forest

Deashma Gurung
Class: 4 A

Forest is an important natural resource of our country. Forest is a large stretch of land having trees, plants and wildlife. We have different types of herbs, trees. There wild life is dangerous. Various herbs are found in forest. Furniture is made from trees. People get firewood from the forest. It also causes rainfall.

प्रबन्ध

सङ्कटको भूमरीमा फस्दै धरा



तिसा श्रेष्ठ राजबाहक
कक्षा : दश 'क'

पृथ्वी मानव लगायतका जीव वनस्पतिको अनुकूल आवास स्थलका रूपमा रहेको छ। पृथ्वीमा जीवन-चक्रको निरन्तरताका लागि जलवायुको अवस्था स्थिर रहनु आवश्यक छ तर बढ्दो हरितगृह ग्याँसको प्रभावले १४ डिग्री सेल्सियसभन्दा बढ्न नहुने पृथ्वीको तापक्रम १६ डिग्री पुगिसकेकाले मानव लगायतका अन्य जीव - वनस्पतिको जीवन बिस्तारै सङ्कटको भूमरीतिर धकेलिएको छ । यसकै परिणाम स्वरूप मौसममा अनियमितता भई आउने परिवर्तन अर्थात् जलवायु परिवर्तनले टुक्रिँदै गएका हिउँका डल्लाहरूलाई खुम्चिँदै गएका नदीहरूलाई हेर्दै अश्रु बहाउनु बाहेक विकल्प छाडेका छैनन् । पारिस्थितिक प्रणालीमा खलबली आउँदा बाढी, पहिरो, खडेरी, अनावृष्टि, अतिवृष्टि जस्ता भयानक प्राकृतिक प्रकोप निम्तिएका छन् ।

अझै पनि यस्ता अवस्थामा सुधार ल्याउन सकिएन भने माल्दिभ्स, बङ्गलादेश जस्ता टापुहरू डुबानमा पर्न सक्ने विज्ञहरूको मत छ । बालीनालीको उत्पादनमा समयान्तर देखिनेछ र अनपेक्षित रूपले बढ्दै गएको तापक्रमको परिणाम स्वरूप पृथ्वी जलमग्न हुनेछ । यस्तो अवस्थामा कुनै जीववनस्पतिको जीवन सम्भव रहँदैन । हरितगृह ग्याँसको बढ्दो प्रभावले जैविक विविधतामा ह्रास पुगेको छ । रसुवा, मनाङ, मुस्ताङ, सोलुखुम्बुमा लामखुट्टे देखिएको छ । इन्फेक्सन, क्यान्सर, फोक्सो सम्बन्धी रोगहरू बढ्दै जाँदा मानिस लगायत सजीव प्राणीको अस्तित्व नै लोप हुने खतरा छ । वातावरणीय असन्तुलनले निम्त्याएका यस्ता समस्याले प्राकृतिक नियमलाई नै तहसनहस पार्दा सुन्दर प्रकृति नै आज बिरुप बन्दै छ ।

हालै भएको एउटा अध्ययनलाई नियाल्दा यो अवस्था यसै गतिबाट बढ्दै जाने हो भने विश्वले खाद्य सङ्कटको चर्को मारलाई झेल्नुपर्ने अनुसन्धाताको मत छ । आफ्नो सहजताका लागि मानिसले सृजना गरिरहेको अत्याधुनिकताका कारण हानिकारक ग्याँस उत्पादन भइरहेका छन् । यसै कारण वनजङ्गल कुरुप बन्दै वन्यजन्तुको जीवन सङ्कटग्रस्त बन्दै छ । आज प्रकृति आमा धुरुधुरु रोइरहेकी छिन् । मानिसको मस्तिमा सजीव प्राणीको बस्ती धरापमा पर्दै छ । हिमतालहरू फुट्दा जीव वनस्पतिको अस्तित्वमा प्रश्न उठेको छ ।

राम्रा र नराम्रा कार्य बिचको अन्तर छुट्याउने क्षमताका कारणले मानिसलाई अन्य प्राणीको तुलनामा सर्वश्रेष्ठताको दर्जा दिइन्छ । यद्यपि आफ्ना अनैतिक क्रियाकलापले मानिसको हातबाट यो दर्जाको विपरीत व्यवहार देखिएको स्पष्टै छ । प्रकृतिलाई आफ्नो स्वार्थका लागि जथाभावी प्रयोग गर्दा सारा प्राणीलाई धरापमा पार्दै छ । संरक्षण गर्नुपर्ने सिर्जनशील हातले विनास निम्त्याएका छन् । मानिस यतिसम्म स्वार्थी भएको छ कि आज उसमा मानवता र नैतिकता रतिभर पनि बाँकी रहेको छैन । तैं रानी मै रानी कसले भर्छ कुवाको पानी भनेझैं आज मानिस आफ्नो कर्तव्यबाट टाढा भागिरहेको छ । मानिसझैं कर्तव्यबाट विमुख बनेर प्रकृतिले वर्षायाममा पानी नबर्साउने भए, घामले तातोपना र जूनले शीतलता प्रदान नगर्ने भए धराले अन्नपात उत्पादन नगर्ने भए यसको परिणाम के हुन्थ्यो कल्पना पनि गर्न सकिँदैन । सबैले आफ्नो कर्तव्यलाई बुझ्दै अगाडि बढ्ने समय अब आएको छ । हिजो जे भयो त्यो भूत थियो तर अब सुन्दर भविष्यको कर्तव्यको कल्पना गर्नु नै बेस ठहरिन्छ । अब हरेक कलिला कलकलाउँदा भर्खरै फक्रिन लागेका मनमस्तिष्कमा दिगो निकासको बाटो स्पष्ट हुनु आवश्यक छ । यो र यस्ता सङ्कटमा चेतना र व्यवहार विकासको आवश्यकता छ । यो धराको सङ्कटमा मलमपट्टि गर्ने कानुनको आवश्यकतालाई सबैले मनन गरौं र अहीलेबाटै लागौं ।

■■■

प्रबन्ध



वनको रोदन

बबिता गुरुङ
कक्षा : नौ 'ख'

हरियो वन नेपालको धन भन्दा मुसुक्क मुस्कुराउने हाम्रो वनजङ्गलले पहिला सबैको मन तान्थ्यो । आज त्यही हरियालीलाई देख्दा उराठलाग्दो र नाङ्गो लाग्छ । यसले नेपाल आमाको अमूल्य आँसुलाई नदीझैं बगाएको छ । पशुपन्छी र प्राकृतिक सौन्दर्यको साझा घर भनेर चिनिने त्यही वनजङ्गल अहिले उराठ लाग्दो लाग्छ । प्राणीहरूको साझा घर जङ्गलको सौन्दर्य गिर्दो छ । त्यो रोदनलाई मानिसले निम्त्यायो । चैत बैशाखमा उराठ लाग्ने जङ्गल आज सधैं सधैं खल्लो खल्लो लाग्छ । सौन्दर्यतालाई प्रहार गरिरहेका मानव समुदायसँग वनको बिलौना छ । यसरी वनजङ्गलमा कसरी यत्रो ठूलो परिवर्तन आयो भन्दा मानिसहरू आफू बाहेक सबै माथि औंला उठाउन पुग्छन् तर यस्तो विकराल सङ्कटमा ध्यान पुऱ्याउँदैनन् । हरेक दिन हामी प्रकृतिमाथि अत्याचार गर्छौं । सुधारको चाहना हामी-सँग जाग्न सक्दैन । स्वार्थको पोको बोकेर हामी प्रकृतिलाई बिगार्न लम्किन्छौं । फोहोर व्यवस्थापन, प्रकृति संरक्षणका कुरा गफैमा अड्किरहेका छन् ।

हामी पैसाका पछि दौडिरहन्छौं । प्रकृतिलाई पैसासँग तोलेर हेर्छौं । जीवन र प्राणी जगत्को हीतका कुरा गफमा रुमल्लिरहन्छन् । गाँसको जोहो गर्दै गर्दा प्रकृतिलाई लत्याउँछौं । जडीबुटी संरक्षण र सदुपयोग होस् या त हरियाली वातावरणसँग हाम्रो अपेक्षा पैसामै गएर टुङ्गिन्छ । आज बढ्दो सहरीकरणले प्राकृतिक संरचना नै ध्वस्त भइरहेका छन् । फलतः जलवायु परिवर्तनको मारमा सारा पृथ्वीबासी भयभित भएका छौं । यसको कारक हामी नै हौं । कमसे-कम एउटा रुख काटे दुईवटा रोप्ने बानी बसाले कति सुन्दर कार्य हुन्थ्यो । हरेक जन्मदिनमा वृक्षारोपण गर्ने बानी बसाले अनि घर बनाउँदा रुख पनि सँगै रोप्ने स्थान छोड्ने गरेमा प्रकृतिसँग सुख पनि त मिल्थ्यो । मानिस लोभी पापी भइ-रहँदा प्रकृतिको स्वरुप नै कुरुप बनेको छ । वनको रोदनलाई मनन गरेर मानव जीवनको अनि सारा सजीव प्राणीको बाँच्ने अधिकार सुरक्षित बन्ने थियो । वैकल्पिक ऊर्जाको विकाससँगै सौर्य ऊर्जा, वायु ऊर्जाका बाटालाई चिन्न र अपनाउन सके मानव बस्ती व्यवस्थापनको बाटोबाट हरियाली वातावरणको रक्षा गर्न सकिन्थ्यो । त्यो वनको रोदनमा अलिकति हाँसो पनि थपिने आशा त्यहाँ जाग्थ्यो कि ।

■■■

विचार



वन र मानव सभ्यता

उमा गौतम
कक्षा : ६ 'क'

धेरै रुखबिरुवाहरू भएको ठाउँलाई जङ्गल भनिन्छ । जङ्गललाई वन, आरण्य, कानन जे नामले पुकारिए पनि यो खासमा रुखबिरुवाहरूले सजिएको स्थान हो । वनजङ्गल भनेको प्राकृतिक सम्पदा हो । त्यसैले हरियो वन नेपालको धन भन्ने भनाइ पनि प्रचलनमा रहेको छ । वनजङ्गलसँगको साइनो धेरै पुरानो छ । मानिसको विकासको सभ्यतालाई खोतल्दा मानिस प्रारम्भमा वनमै बस्थ्यो । मान्छे बिस्तारै ज्ञानको अभ्यास र प्रयोगमा र माउन थाल्यो । उसले भोक लाग्दा जङ्गलको रुखको फल टिपेर खायो । घाउ लाग्दा जङ्गलमै भएका जडीबुटी टिपेर लगायो तर आज वन रुख, काठ र दाउरामा सीमित रहेको छ । यसरी वनको दुरुपयोगको क्रम बढ्ने हो भने यो पृथ्वीलाई सङ्कट उत्पन्न हुने वैज्ञानिकहरूको मत छ ।

वनजङ्गल भएको ठाउँमा वर्षात् समयमा हुने प्राकृतिक नियम छ । आजभोलि अव्यवस्थित सहरीकरण तथा प्रकृतिको दुरुपयोगका कारण समयमा पानी पर्दैन । कृषि नेपालको राष्ट्रिय पेसा भए पनि पानी नपरेकैले किसानहरू निरास छन् । आफ्नो आवश्यकतालाई पूरा गरेर मात्रै पुग्दैन । मानिसले वातावरण र वन्यजन्तुलाई पनि सुरक्षा दिनुपर्छ । त्यसैले वन भनको जीवन हो भन्ने मूल मन्त्रका साथ वनजङ्गल संरक्षमा लाग्नु मानवीय कर्तव्य हो ।





चिनारी

घडियाल र चिल

देचुङ थापा मगर
कक्षा : ६ 'क'

१. घडियाल गोही

घडियाल पानीमा बस्ने गोहीको एउटा जात हो । यसले आफ्नो जीवनको समयलाई पानीमा बिताउँछ । यो मांसाहारी जनावर हो । गोहीले विशेष गरेर माछा खान मन पराउँछ । यसले पानीमै बसेर आहारा खोज्ने गर्छ । यसले आफ्नो खानालाई मुखमा दबाएर राख्छ ।



२. चिल

चिल एउटा वन्य चरा हो । यसले आफ्नो सिकार लाई पञ्जाले समाउँछ । यसको आँखा तेजिलो हुन्छ । यो प्रकृतिको सुन्दरता बढाउने एउटा चरा हो । प्रकृतिलाई सजाउने विभिन्न जीवमध्ये यसको पनि आफ्नै चिनारी छ ।



वन्यजन्तु बिना प्रकतिको कुनै मूल्य रहँदैन । हरियाली वातावरणमा रमाउन चाहने प्राणीलाई मानिसले जोगाउन जान्नुपर्छ । मानिसका लागि प्राकृतिक सुन्दर ता अपरिहार्य हुन्छ । सुन्दर वनमा सुन्दर चिन्तन हुन्छ । यी र यस्ता सबै खालका जीवनलाई संरक्षण गर्नु हामी मानिसकै कर्तव्य हो ।

कथा

गाउँ र चरा



स्मृति गुरुङ, कक्षा : ६ 'क'

एउटा सानो गाउँ थियो । त्यहाँ अञ्जली, पासाङ र स्मृति आफ्नो परिवारसँग मजाले मिलेर बसेका थिए । त्यहाँ एउटा ठूलो र सुन्दर जङ्गल थियो । जङ्गलमा विभिन्न किसिमका मृग, बाघ, गैँडा, कालिज, मलसाँप्रो जस्ता जङ्गली जनावर तथा विभिन्न चराचुरुङ्गीहरू आ-आफ्नै तरिकाले बाँचेर, रमाएर बसेका थिए । ती जीवहरू आफ्नै सुरमा बाँच्न पाउँदा खुसी देखिन्थे । तर, बिस्तारै गाउँका बासिन्दाहरूमा त्यो जङ्गलको रुख बिरुवाप्रति लोभ बढ्न थाल्यो । बिस्तारै बिस्तारै रुख काट्ने, वन फडानी गर्ने अनि पैसा कमाउने प्रवृत्ति मौलाउन थाल्यो । जङ्गलका सबै जीवहरू त्यहाँबाट अन्यत्र कतै भाग्न, ठाउँ छोड्न थाले । चराचुरुङ्गीहरू पनि आफ्नै बाटो रोजेर त्यहाँबाट कतै अन्तै जान थाले । त्यो पहाड रित्तो र नाङ्गो बन्दै गयो ।

केही समयको अन्तरालमा त्यहाँका पानीका मुहान पनि सुक्न थाले । खोलानाला पनि सुक्न थाले । जतातै हाहाकार मच्चिन थाल्यो । मानिसलाई जिउनै कठिन हुन थाल्यो । पिउने पानीकै अभाव हुँदा घरपालुवा जनावरहरू समेत सङ्कटमा पर्न थाले । आगो बाल्ने दाउरा पनि नभएकाले अप्ठ्यारो पर्न थाल्यो । कहिले खडेरी पर्ने कहिले मुसलधारे वर्षात् हुँदा सबै डाँडापाखा बग्न, भत्किन थाले । अब त काठपातको अभाव हुन थाल्यो । अलिअलि सम्पत्ति त भयो तर अन्न नउब्जने, विभिन्न खाले रोगले सताउने क्रम बढ्न थाल्यो । गाउँको यस्तो दुर्दशा देखेर गाउँकै एकजना पाखाघरे बूढाले अब वृक्षारोपण गरौं । कतै बाट बिरुवा ल्याएर रुख रोपौं भन्ने प्रस्ताव राखे । खोल्साखो ल्सीका अलि अलि पाइने पानी लगेर बिरुवामा हाल्ने नियम पनि उसै समयमा बनाइयो । धेरै समय कष्टप्रद जीवन जिएका तिनीहरूले फेरि कहिल्यै त्यस्तो गल्ति गरेनन् । त्यहाँ पहिला जस्तै जङ्गली जनावर तथा चराचुरुङ्गीहरू आउन थाले हराभरा त्यो वातावरणको रक्षामा अब सबै जुटेको देख्दा सबैलाई खुसी पनि लाग्न थाल्यो ।

कविता



झण्डा

दीपिसा राना मगर
कक्षा : ६ 'क'

आधा भाग घामसित आधा जूनसित
कति राम्रो हाम्रो झण्डा सुन्दर चित्राङ्कित

त्रिकोणमा नीलो घेरा रातो भुइँमाथि
सुन्दर सूर्य तल राखी सेतो चन्द्र माथि
फहराउने लहराउने सूर्यचन्द्राङ्कित
नेपालको गौरव यो नेपालकै जित

पुर्खा हाम्रा वीर थिए विश्वासका धनी
विजयको चिन्ह एउटा राखौं सधैं भनी
यही झण्डा उच्चता हो हाम्रै विश्व वीर
उँचो राख्छ नेपालीको सान यो हो शिर

शान्ति दिन्छन् सूर्य चन्द्र तातो चिसो हेर
संसारमा यिनैमा छ प्राकृतिक सान धेर
मित्रसँग माया बढाइ शत्रुबाट टाढा
हाम्रो झण्डा हाँसिरहन्छ युगौं युगको नाता ।

कविता



हरियाली राम्रो

रवि शर्मा
कक्षा : ९ 'ख'

रुख बिरुवा सधैंभरि रोपेको नै राम्रो
सबैलाई ज्ञान दिनु यो कुरा नै राम्रो

फोहोर मैला गर्नु हुन्न सम्हालेर फाल्नु राम्रो
जङ्गलमा आगो होइन पानी हाल्नु राम्रो

जनावरको विनाश होइन संरक्षण गर्नु राम्रो
सबैलाई ज्ञान दिनु यो कुरा नै अति राम्रो

विदेश पलायन भन्दा यहीं केही गर्नु राम्रो
हरियाली पारौं बरु स्वीट्जरल्यान्ड भन्दा राम्रो

"हरियाली समाज हाम्रो" भन्ने मूल नारा राम्रो
विदेशीलाई तान्ने हाम्रो नेपालै होस् राम्रो ।

विचार



वन र जडीबुटी

नम्रता रानाभाट
कक्षा : ६ 'क'

नेपाल रुखबिरुवाले सजिएको सुन्दर देश हो । नेपाल विविध रुखबिरुवा पाइने सुन्दर देश हो । भनिन्छ, संसारमा चौध हजार जति जडीबुटी पाइन्छन् । तीमध्ये सात हजार जति त नेपालमै पाइन्छन् भन्ने विद्वानहरू बताउँछन् । यहाँ विभिन्न जातका रुखबिरुवाहरू पाइन्छन् । नेपालमा अबिजालो, कुरिलो, ब्राह्मी झार, टिमुर, यार्सागुम्बा, गाँजेझार, चिराइतो, पाँचऔंले जस्ता थुप्रै जडीबुटी पाइन्छन् । यहाँका प्रत्येक पाखापखेरा जडीबुटीले सजिसजाउ छन् । यी नेपालका सम्पदालाई चिनेर सदुपयोग गर्न नजान्दा हामी विकासका बाटामा पिछडिएका छौं । महङ्गो रोगको सिकार बन्नुपरेको छ ।

हुन त नेपाललाई हरियो वन नेपालको धन भनिन्छ । यहाँका वनले काठ, दाउरा त दिएकै छन् । योभन्दा पनि राम्रो कुरा हरियो वनसँग वन्यजन्तुको बासस्थान यही हो । यिनको बासस्थानले वातावरण शोभनीय बन्छ । प्रकृतिको सन्तुलनलाई तिनले कायम राखेका हुन्छन् । जङ्गल सबैको साझा घर पनि हो । वनजङ्गलमा पशुपक्षी, किरा-फट्याङ्ग्राले बिनारोकावट बस्न पाउनुपर्छ । तिनको घरलाई बिगार्ने होइन जोगाउने कर्तव्य मानिसको हो । बाक्लो र ठूलो जङ्गलमा निर्बाध घुम्न, डुल्न पाउनु तिनको अधिकार हो । चाहे एकसिङ्गे गैंडा होस् या त कस्तूरीमृग, टाटेपाटे बाघ, ठूला हात्तीहरू वनमै रमाउँछन् । मयूर प्वाँख फिँजाएर वनमै नाच्छ । बाढीपहिरो बाट जोगाउने आधार पनि वन नै हो । यसकै सहारामा प्राकृतिक सन्तुलन सम्भव भएको छ । अक्सिजनको स्रोत वृक्ष वनस्पति नै हुन् । हरियालीको आधार वनबाटै स्वच्छ हावा सम्भव छ । यो विभिन्न खाले प्रदूषण नियन्त्रणको दह्रो आधार भएकाले हाम्रा पुर्खाले हरियो वन नेपालको धन भन्ने उखान बनाएका रहेछन् । अतः वनमा भएको क्षमतालाई पहिचान गरी जडीबुटीको सदुपयोग गर्न जान्नुपर्छ ।

■■■

वन्यजन्तु परिचय

गैँडा



रेजिना गुरुङ र अञ्जली गुरुङ
कक्षा : ६ 'क'

गैँडा जङ्गली जनावर हो । यो बाक्लो झाडीमा बस्छ । यसलाई पोखरीमा रमाउन मन पर्छ । विशेष गरेर जमिनमा बस्ने र पानीमा बस्ने दुई खालका गैँडाहरू पाइन्छन् । जलगैँडा पनि पानी बाहिर आइरहेको हुन्छ भने स्थल गैँडा पनि पानीमा र माइरहेको पाइन्छ । गैँडाले बाक्लो घाँस भएको स्थान, चारकोसे झाडीमा घुम्न, रमाउन मन पराउँछ । गैँडामा पनि भाले पोथी हुन्छन् । नेपालको तराई भूभागदेखि विशेष गरेर बर्दिया, चितवन, कोशीटप्पु लगायतका वन्यजन्तु आरक्षण क्षेत्रमा गैँडा पाइन्छन् । मोटो र भैँसीजस्तो देखिने गैँडाको नाकमाथि एउटा सिङ हुन्छ । यसलाई गैँडाको खाग भनिन्छ । यो भद्दा र ठूलो आकारको शाकाहारी जनावर हो । यसले रुखका हाँगा तथा पातलाई सजिलै चपाउन सक्छ । यो हेर्नलाई पनि आकर्षक प्रकृतिको हुन्छ । यसलाई महत्त्वपूर्ण जनावरको रूपमा हेर्ने गरिन्छ । यसर्थ यो राष्ट्रिय सम्पदा भएकाले यसको जगेर्ना गर्नु हामी सबैको कर्तव्य पनि हो ।



विश्ववन्यजन्तु कोषले गैँडालाई दुर्लभ तथा सङ्कटापन्न जीवको रूपमा मानेको पाइन्छ । नेपाल सरकारले रु. १०० को नोटमा यसको चित्र अङ्कित पनि गरेको छ । यो प्रकृतिको निधि हो । मानिसले उसलाई आफ्नो अधिनमा राखेको भए सँगै रमाउन पनि सकिन्छ । यसले पनि प्रकृतिको सौन्दर्यता बढाउन विशेष भूमिका खेलेको हुन्छ । यसर्थ यसको विकास र विस्तारका बारेमा सबैले सोच्नु आवश्यक छ ।

■■■

विचार

वन्यजन्तु



मन्जिता गुरुङ,कक्षा : ६ 'ख'

वनमा रहने वा बस्ने जीव जनावरलाई वन्यजन्तु भनिन्छ । नेपाल एउटा सुन्दर, शान्त र आनन्दित मुलुक हो । हिमाल, पहाड र तराई भागमा विभाजित नेपाललाई सुन्दर बनाउन यहाँका वन सम्पदामा विविध वन्यजन्तुको बासस्थान रहेको छ । यहाँका घनघोर जङ्गलमा जडिबुटी र वन्यजन्तुको सम्भाव्यता रहेको छ । पहाडमा बाघ, भालु, मृग, चितुवा, घोरल आदिको बासस्थान रहेको छ । तराई क्षेत्रका जङ्गलमा झुलिरहेका धानका बालासँगै समथर भूभागमा नागबेली परेका नदीहरू बहन्छन् ।



पहाड हुँदै तराईका फाँटमा रमाउँदै बगेका नदीसँगै वन्यजन्तुहरूले बाँच्न पाएका छन् । प्रकृतिका काखमा स्वतन्त्र हिँडडुल गर्ने जङ्गली जीवले प्रकृतिलाई सुन्दर बनाएका छन् । वन्यजन्तुसँग मानव र प्रकृतिको सहसम्बन्ध हुने हुँदा यी सम्पदालाई जोगाउनु हामी सबैको दायित्व हो । यसर्थ प्रकृतिका धरोहर लाई हामीले सुरक्षित तुल्याएमा हाम्रो मुलुकले पर्यटकलाई यहाँ निम्तो दिन सक्छ । साथमा प्रकृति सुरक्षित हुन्छ ।

संवाद



विश्वको भोलि

श्रृङ्खला पाठक
कक्षा : ८ 'क'

(अबको ९० वर्षपछि २१६४ सालमा आमालाई अमेरिकादेखि छोराले फोन गर्ने छ ।)

छोरा : हेल्लो मामु !

आमा : हाइ छोरा, के छ ?

छोरा : सबै ठीक छ, तर.....

आमा : (आत्तिँदै) किन के भयो र !

छोरा : (निरास हुँदै) के भन्ने आमा ! करिब दुई महिनादेखि घाम नै लागेको छैन । तापक्रम माइनसमा झरेको धेरै भइसक्यो । सबै जना ए.सि. जडान गरिएको सुट लगाएर हिँड्नुपरेको छ । रुख बिरुवा केही देखिँदैन । खाद्यान्न सबै बाहिरबाट ल्याउनुपर्दा महङ्गी अकाशिएको छ । अभाव बढ्न थालेको छ । आजभोलि बस्ती पातलिन थालेको छ । अब यसरी त बाँच्नै गाह्रो हुने भो ।

आमा : छोरा, यहाँ पनि लगभग २ वर्षे भइसक्यो पानी परेको छैन । सबै जना गर्मीले आत्तिएका छन् । तापक्रम त खपिसक्नु छैन । खै, तापक्रम बढेर ५५ डिग्री सेन्टिग्रेड पुगिसक्यो भन्ने समाचार सुनिन्छ । पल्ला घरको हरि दाजु अहिले आइ. सि. यु. मा छन् ।

छोरा : तर, आमा उनले लेयर सुट लगाएका थिएनन् र ?

आमा : उनको गाडिमा त ओजोन लेयरको सुट बाक्लै रहेछ तर आफ्नो ओजोन सुट पातलिएको मतलब नै गरेनछन् । त्यसैले हो ।

छोरा : अनि त्यहाँ खान पाइन्छ र ? यहाँ त कतै राम्ररी खान पाइँदैन ।

आमा : यहाँ त जताततै खडेरी छ । खाने कुराकै अप्ठ्यारो यहाँ छ । खडेरीले गर्दा अन्न उब्जनी हुनै छाड्यो । रुख बिरुवा कतै देखिँदैन । अनि अरु त्यहाँ के छ त्यहाँ ?

छोरा : यहाँ त हिउँका डल्लाहरू नै चट्टान बन्न थालेका छन् । जताततै हुस्सु लागको देखिन्छ । मान्छे बाटामा त्यति देखिँदैन । त्यहाँको अवस्था के छ आमा ?

आमा : रातदिन मानिस पीडादायी कुरा गर्छन् । सबै अत्तालिएका छन् । के गर्ने भन्ने त्राही त्राही छ । वातावरण भयावह छ । पशुप्राणी पनि पानी नपाएर भौंतारिएका समाचार सार्वजनिक हुन थालेका छन् । पानीका मुहान, खोल्साखोल्सी सुक्न थालेका पीडा सुनिन्छन् । अनि कहिले आउँछौ त बाबु ?

छोरा : आमा आउने त भनेको यहाँ एयरपोर्टमा प्लेन नै उड्ने अवस्थामा नरहेको समाचार सार्वजनिक भइरहेका छन् । समुद्री यात्रा गर्न चाहनेहरूलाई पनि पीडा बढेको छ । समुद्र नै जम्न थालेको समाचार सुनिन्छ । तर, धन्न यन्त्र मानवले नै सबै काम गर्दै छ र यहाँ सजिलो भएको हो । ल आमा अहिलेलाई बाइ ल । कुरा गर्दै गरौंला ।

आमा : ल त बाई । छोरो राम्ररी बस्नु । छिटो नेपाल आउने कोसिस गरेस् । *(फोन काटिन्छ ।)*

विचार



विद्यार्थीको वातावरण

मेनुका सिंह ठकुरी
कक्षा : ७ 'क'

स्वच्छ वातावरण भनको हावापानी सफा हुनु हो । हाम्रो वरिपरिको परिवेश, सास फेर्ने हावा, खाने पानीको धारा र खेल्ने चउरको हावापानीलाई हामीले वातावरण भनेर बुझ्छौं । जुन चउरमा खेलिन्छ, जुन धाराको पानी खाइन्छ र जुन हावामा सास फेरिन्छ त्यही नै विद्यार्थीका लागि वातावरण हो । वातावरणबाट प्रभावित नहुने मानिस विरलै होलान् । घरभित्र परिवारद्वारा तयार पारिएको पढ्ने खाने स्थानलाई पनि वातावरण भनेर बुझ्न सकिन्छ । यो घरको वातावरणदेखि बाहिरको वातावरणसम्मको अवस्थालाई शुद्ध, सफा राख्नु विद्यार्थीको दायित्व हो । मानिसको सम्बन्ध प्राकृतिक वातावरणसँग निहीत हुन्छ । यसर्थ विद्यार्थीले प्रकृतिसँग सम्बन्ध राख्दा पढाइलाई पनि सहज रूपबाट ग्रहण गर्न सक्छ ।

प्रबन्ध

वन्यजन्तु र मानव



अनिता जोसी, कक्षा : ८ 'ख'

मानिस यो प्रकृतिको विवेकशील प्राणी हो । मानिसको चेतनाको स्तर उच्च भएकैले बुद्धिमानी प्राणी मानिन्छ । यसै कारणले वन र वन्यजन्तुको संरक्षणको क्षमता तथा दायित्व मानिसकै हो । वनस्पति र जीवजन्तुको प्रत्यक्ष सम्बन्ध हुन्छ । प्रकृतिको रक्षा गर्ने तथा जीवजन्तुको संरक्षणमा अहम् भूमिका खेल्ने दायित्वलाई उसै ले निभाउनुपर्छ । मावन जीवनसँग सहसम्बन्ध राख्ने हुनाले वन्यजन्तुको संरक्षण गर्नु आजको आवश्यकता हो ।

मानिसको जीवन वनस्पति र जीवजन्तुमा निर्भर रहन्छ । वातावरणकै कारण प्राणी, वनस्पति र जीवजन्तुबिच घनिष्ट सम्बन्ध स्थापना भएको हुन्छ । मानिसले वन्यजन्तुको बासस्थानलाई जोगाउन पनि सक्छ भने संरक्षित तुल्याउन पनि सक्छ । वनस्पति र जीवलाई विनास गर्ने र असर पुऱ्याउने मूल कारक मानिस नै हो । प्राकृतिक सन्तुलन कायम राख्न जीव र वनस्पति दुवैको भूमिका रहन्छ । त्यसै ले वन्यजन्तु संरक्षण अहिलेको युगमा महत्त्वपूर्ण विषय बने को छ ।

मानिससँग सोच्ने मस्तिष्क र काम गर्ने हात छन् । मस्तिष्कले सुन्दर वन्यजन्तुको कल्पना गर्नुपर्छ । तर, मानिसले आफ्नो सुविधाको लागि वनस्पति तथा दुर्लभ जीवजन्तुको नास गर्नु मानवीय सक्षमताको दुरुपयोग गर्नु हो । आफ्नो स्वार्थका लागि मानिसले दिनानुदिन जथाभावी रूपमा रुख बिरुवा काटिरहेका छन् । यसै कारणले रुखबिरुवा मासिन थालेका छन् । रुखबिरुवा मात्र नभएर त्यहाँ बस्ने जीव-जन्तुलाई यी कार्यले प्रभावित पारेको छ । जीवजन्तुको जीवन नै सङ्कटग्रस्त बन्दै गएका छन् । यसका साथै प्रकृति पनि असन्तुलित बन्दै गएको छ । यसकै असरले बाढी, पहिरो, अतिवृष्टि आदि परिणामलाई बेहोर्नुपरेको छ । यसको प्रतिफलले मानिस पनि स्वयम् सङ्कटमा पर्छ । यसर्थ प्रकृतिलाई प्रतिकूल हुन नदिन र प्रकृति स्वच्छ राख्न मानिसले नै प्रयत्न गर्नुपर्छ ।

सन्तुलित वातावरणको उत्प्रेरक पनि मानिस नै हो । मानिसले नै वातावरणलाई प्रदूषित तुल्याइरहेको छ । प्रदूषित वातावरणकै कारणले जीवजन्तु लोप भइरहेका छन् । संसारकै विशाल प्राणी 'डाइनोसर' लोप हुनु प्राकृतिक प्रक्रिया हो । वर्तमान परिप्रेक्ष्यमा भने प्रदूषित वातावरणकै कारणले सजीव प्राणीको अस्तित्वमा असर पारिरहेको छ । यही कारणले मानिसलाई विभिन्न खाले रोगहरूले आक्रमण गरिरहेका तथ्य सार्वजनिक हुन थालेका छन् । यी विविध सङ्कटको कारक अरु कोही नभएर मानिस नै हो । यसर्थ यसको समाधान गर्ने दायित्व मानिसकै हो । अतः वन्य-जन्तुको संरक्षणका लागि मानिसले नै ध्यान दिनुपर्छ । जीवजन्तुको अवैध चोरीसिकारी गर्ने, बेच्ने प्रवृत्ति, लोभीपापी सोचकै कारण वन्यजन्तुको अधिकारलाई मानिसले अत्याचार गर्नु पक्कै राम्रो कुरा होइन । वन संरक्षण, जडिबुटीको संर क्षण र सदुपयोग गर्न वन्यजन्तुको रक्षार्थ योगदान दिनु मानवको कर्तव्य हो । मानिसको स्वच्छ विचारले सुन्दर प्रकृतिको निर्माण गर्न सकिन्छ । सहअस्तित्व र भ्रातृत्व भावले विश्वको मुहारलाई हँसाउन सकिन्छ । यसरी मानिस नै प्रकृति तथा वन्यजन्तुको संरक्षक बन्न सक्छ ।

कविता

वातावरण



रश्मी शर्मा
कक्षा : ६ 'ख'

वातावरण स्वच्छ भए स्वस्थ हुन्छ तन
स्वच्छ राम्रो वातावरण यही हो हाम्रो धन

जतातै हरियाली स्वस्थ पिउने पानी
बोट बिरुवा रोप्ने गरौं मानव बनौं ज्ञानी

सडक पेटी फोहोर पार्ने राम्रो होइन बानी
प्राङ्गारिक मल बनाऊँ कुहिने फाहोर छानी

हिमाल, पहाड, तराईसम्म मूल एउटा नारा
चेतनशील हुनुपर्छ मानव जाति सारा ।

गीत

पानी



यजन अधिकारी
कक्षा : ६ 'ख'

संसारको अमूल्य हो नाम यसको पानी
पानीबिना अधुरो छ हाम्रो जिन्दगानी

पिउन, धुन, नुहाउन सबैतिर चाहिने
पानी भए जङ्गलमा रुख बिरुवा पाइने

सुन साथी पिउने गरौं शुद्ध सफा पानी
सफा राखे बाँच्छन् सबै सजीव ती प्राणी

संसारमा पानीका हुन्छन् धेरै खानी
यसलाई प्रयोग गर्ने हामी बन्छौं ज्ञानी ।

निबन्ध



स्वच्छ वातावरण : स्वस्थ जीवन

✍ गरिमा खनाल, कक्षा : ६ 'ख'

हावापानी, प्रकृति र बाँच्न चाहिने सबै वस्तु तथा खाद्यान्न सफा हुनु भनेको वातावरण स्वच्छ र हनु हो । हाम्रो वरिपरिको परिवेश, सास फेर्ने हावा, खाने पानीको धारा, खेल्ने चउरको हावापानीलाई वातावरण भन्न सकिन्छ । साँच्चै भन्ने हो भने त पृथ्वीको जुनसुकै परिवेश पनि वातावरण भित्रै पर्छ । हामी खेल्ने, रमाउने, हिँडडुल गर्ने सबै कुरालाई सफा, स्वच्छ र हराभरा राख्न सकियो भने त्यो हाम्रा निम्ति स्वच्छ वातावरण बन्न सक्छ । बढ्दो सहरीकरणका कारण अस्तव्यवस्त भएको अवस्था, प्रदूषणयुक्त हावा, पानी, माटोका कारण मानिस अशान्त बन्नु पऱ्यो भने अर्थात् ध्वनि प्रदूषण भयो भने पनि त्यो स्वच्छ वातावरण हुन सक्दैन । प्राकृतिक स्रोतको जथाभावी प्रयोग गरिनु, अव्यवस्थित सवारी साधनको प्रयोगले आज सहरी परिवेश असन्तुलित छ । मानिसको चापले खज्मजिएको पृथ्वीलाई स्वच्छ वातावरण भन्न सकिँदैन ।

जनसङ्ख्या बृद्धिसँगसँगै मानिसहरूलाई स्वच्छ बसोबासको आवश्यकता पर्दछ । जथाभावी वनजङ्गल फडानी गरी अव्यवस्थित बस्ती व्यवस्थापन गर्नु मानव समुदायका लागि हानिकारक बन्दै गएको छ । फोहोरको व्यवस्थापन गर्न नसक्दा प्रकृति कुरूप बन्दै गएको छ । प्राकृतिक सौन्दर्यले भरिपूर्ण हाम्रो देशले यही सौन्दर्यको पान गर्दै बढिरहनुपर्ने हो तर आज दिन प्रतिदिन प्रदूषित बन्दै गइरहेको छ । हाम्रा उत्तरी भेगमा सेता दन्त लहर मिलाएर हाँसिरहेका हिमश्रृङ्खलालाई पीडा छ । तापक्रम बढिरहेको छ । भावी पुस्ताले अब काला पत्थर मात्रै देख्ने हुन् कि भन्ने भय छ ।

आज वातावरण संरक्षण संसारकै चुनौती बन्दै गएको छ । यसर्थ प्राकृतिक संरक्षणमा सतर्कता अपनाउनु जरुरी बन्दै गएको छ । पृथ्वी आज सजीव प्राणीको जीवन बाँच्नै मुस्किल स्थल बन्दै गएको छ । अन्तरिक्ष कति लायक बन्ला तर हाम्रो प्रकृति र क्षमता यसमै रहनुसँग सम्बद्ध र हला । प्राणी बाँच्न सक्ने आधारमा हामीले नै बज्र हानिरहे का छौँ । यसका लागि जनचेतनामूलक कार्यक्रमहरूलाई गाउँ गाउँसम्म, बस्तीबस्तीहरूमा पुऱ्याउनु आव्यश्यक बन्दै छ । यसमा विद्यार्थीको ठूलो हात रहन्छ । आजका विद्यार्थीहरू नै भोलिका भविष्य निर्माता हुन् । यो विकराल सङ्कटलाई नियन्त्रण गर्न सबै जुट्नु आवश्यक छ । हामी विवेकशील प्राणीले सही र गलत छुट्याउन सक्नुपर्छ । स्वच्छ वातावरणलाई जोगाउने दायित्व हामी मानवकै हो । स्वच्छ वातावरणले स्वच्छ विचारलाई प्रादुर्भाव हुन्छ । स्वच्छ विचारले स्वच्छ समाजको परिकल्पना तयार हुन्छ । स्वच्छ र सुन्दर जीवनलाई विश्वको रहर लाग्दो वातावरणले संरक्षित तुल्याएको हुन्छ । प्रत्येक सचेत नागरिकले यी भावलाई मनन गर्दै जलवायु परिवर्तनले निम्त्याएका सङ्कटलाई न्युनिकरण गर्ने उपाय खोज्नु आवश्यक छ । यसको सुरुवात घरभित्रैबाट गाउँ, समाज, देश हुँदै विश्व सामु पुग्न सक्नुपर्छ ।

स्वच्छ राखौँ घरबार, स्वच्छ राखौँ आँगन
स्वच्छ रहे वातावरण स्वस्थ हुन्छ जीवन
बस्ती बस्तीबाट उठ
यो देशको वातावरण फेर्नलाई उठ ।

■■■



Spiny Babbler

✍ Samir Babu Shrestha,
Class: 7 'A'



Spiny Babbler is from the family of "Passerine Birds", a species of bird in the Timalidae family. Its Scientific name is Turdoides nipalensis or 'Kande Bhyakur' in Nepali. It is a rare species of bird found only in Nepal. Nepal is blessed with different species of flora and fauna. We are high in numbers of birds. Till now Nepal has been recorded to have 867 species of birds, which rounds of to be about 8% of the total bird species found worldwide. We are home for total of 35 globally threatened species around the world and 19 proximate threatened species and 15 restricted range but till now researchers have reckoned the species aren't to be under vulnerable category as the threshold is summarized under the range size criterian.

प्रबन्ध



जलवायु परिवर्तन र विश्वव्यापी सङ्कट

सामना राई
कक्षा : नौ 'ख'

पृथ्वी मानव लगायतका सजीव प्राणीका लागि एक मात्र उपयुक्त बासस्थान हो । वनस्पति तथा जीवहरूको अनुकूल आवास स्थलको रूपमा रहेको पृथ्वीमा प्राणी जीवनचक्रमा निरन्तरताको लागि जलवायुको अवस्था स्थिर हुनुपर्दछ । यस एक्काइसौँ शताब्दीमा जल-वायु परिवर्तनको समस्या दिनप्रतिदिन बढ्दै गएको छ । पृथ्वीमा बढेको तापक्रमका कारण मौसममा अनियमितता भई विभिन्न परिवर्तन आउँछन् । यस्तो परिवर्तनलाई जलवायु परिवर्तन भनिन्छ । यस्ता खालका समस्या बढ्नुको मूल कारण यही संसारका मानिसहरूको क्रियाकलाप र व्यवहार नै हो । पृथ्वीमा रहेका मानिसहरूले वातावरणलाई दिनप्रतिदिन बिगार्दै गएका छन् । मानवहरूले जतातै घर बनाउने, धुवाँ, धुलो उत्पादन गर्ने जस्ता असचेत कार्य गर्ने हुँदा वायुमण्डलको ओजोन तहमा ह्रास आउन थालेको छ । जसले गर्दा जलवायु परिवर्तन हुन थालेको छ । जलवायु परिवर्तनले गर्दा एउटा देशमा मात्र नरहेर पूरै विश्वभरि सङ्कट उत्पन्न गराएको छ । यसका कारणहरूले हिमालय, हिमताल, अर्काटिक महासागर, अन्टार्कटिका महादेशमा समेत् हिउँ पग्लँदै गएमा भयानक तथ्य छन् । प्रकृतिमा समेत यसका कारणले नकारात्मक असर पार्दै गएको छ ।

जलवायु परिवर्तनले बिस्तारै बिस्तारै प्रकृतिसहित मानिस र सारा जीवमापनि उत्तिकै असर पारेको छ । यसले गर्दा मानिसले विभिन्न किसिमको रोगको सामना गर्नुपरे को छ । जलवायु परिवर्तनका धेरै भयानक र नकारात्मक असर भएकै कारणले यो समस्या एउटा देशको मात्र नभएका कारण विश्वबाटै मानव समुदाय लागिपर्नुपर्ने देखिन्छ । यो समस्या समाधानका बाटालाई खोजेर अघि बढ्नुपर्छ ।

विचार



जीवन र पानी

आशीर्वाद रेग्मी, कक्षा : ८ 'ख'

जीवन र पानी तथा पानी र जीवन एकअर्काका पर्याय हुन् । यी सृष्टिका पर्यायलाई सभ्यताको साँचो मानिन्छ । पृथ्वी उत्पत्तिका कथामा यिनको सम्बन्ध भेटिन्छ । पृथ्वीमा पहिलो जीवको उत्पत्तिको कथासँग यहाँका साढे सात अर्ब मानवको सम्बन्ध गाँसिन्छ । वृक्ष वनस्पतिको अकाट्य सम्बन्धमा मानव र पानीको प्रगाढता छ । मानिस, वनस्पति, सजीव प्राणीको सहसम्बन्धलाई पानीले सम्भव तुल्याएको छ । मानव जीवनमा पिउने पानीदेखि, सम्पूर्ण खाद्यान्न उत्पादन, बिजुली उत्पादन पानीबाट मात्र सम्भव रहेको यथार्थता छ । पानीको सम्बन्ध जीवसँग छ ।

बिहानदेखि बेलुकासम्म खानेदेखि सफा हुने समयसम्म पानीको आवश्यकता पर्दछ । मानिसको शरीरमा पनि पानीको मात्रा बढी हुनुपर्छ । जीवनमा दैनिक कार्य सञ्चालनको आधार पानी हो । तरकारी उत्पादन, सिँचाइ व्यवस्थापन, लघु जलउद्योग, वृक्षवनस्पतिको संरक्षण सबैको आधार पानी भएकैले कविले यसमा घोरिनुपर्छ । वैज्ञानिकले हाइड्रोजन र अक्सिजनको मात्रा खोज्नुपरेको छ । यसर्थ तिर्खा मेट्ने आधार अनि जीवनको अकल्पनीय स्रोत पानी हो । मानवीय जीवनलाई स्वच्छ, हराभरा, स्वच्छ, सफा र पवित्र तुल्याउने आधार पानी हो । सजीव प्राणीको जीवनलाई बचाउने आधार पनि पानी नै हो ।

कविता

वातावरणको संरक्षण



यजन अधिकारी, कक्षा : ६ 'क'

नबनाऔँ न जतातै फोहोर र मैला
फोहोर भए रोगको सिकार हुनुपर्ला पहिला

चारैतिर हरियाली सुन्दर भूमि बनाउन
प्रकृतिका निधिहरूलाई बुझी जोगाउन

वनजङ्गल नमासौँ है यसबाट हुन्छ हानी
उजाड डाँडामा बिरुवा रोपी बनौँ है हामी नामी

वनजङ्गल नासिएमा वन्यजन्तु भाग्छन्
नयाँ बास खोजी आफ्नै बाटो लाग्छन्

स्वच्छ भए वातावरण स्वच्छ हुन्छ जीवन
वातावरण जोगाऔँ यही हो हाम्रो धन ।

कविता

हरियो वन नेपालको धन



सुहाना न्यौपाने, कक्षा : ५ 'क'

देशको भूगोल सुन्दर हुन्छ हरियाली वनले
वन जोगाउने प्रण गरौँ सफा शुद्ध मनले
नेपालमा वन छ है पहाड तराईसम्म
वनको रक्षा गरौँ सबैले बार लगाई टम्म

वनजङ्गलले प्रकृतिलाई सन्तुलनमा राख्छ
कुरुप पाखा पखेरालाई यही वनले ढाक्छ
ढकमक्क वन भए बाढी पहिरो जान्न
खडेरी र भूक्षयले कहिल्यै धर्ती खान्न

जडिबुटी इन्धनको प्रमुख स्रोत हो वन
हरियो वन सधैँ बनोस् नेपालको धन ।

विचार



वातावरणको रक्षा

सुशिल भट्टराई र रिजन पराजुली
कक्षा : ६ 'ख'

मानिसले बुझेर होस् या नबुझेर पहिला प्रकृति सन्तुलित थियो । जनसङ्ख्या पनि कम थियो । कलकारखना कम थिए । वर्षापपल रोप्ने चलन थियो । आजभोलि केवल मास्ने प्रवृत्ति छ तर रोप्ने आदतै हरायो । यसका कारण पशुपक्षी र वन्यजन्तुहरू लोप हुँदै गएका छन् । कलकारखनाको अव्यवस्थित धुवाँले वातावरण बिग्रँदो छ । आज यो सुन्दर पृथ्वी कति कुरुप र विकृत बन्दै छ । यसको कारक हामी मानिस नै हौँ । अब वृक्षारोपण गरेर वातावरणलाई जोगाउने प्रयत्न गरौँ । खोलानाला, ताल पोखरीको संरक्षण गरौँ । मानिसहरू भन्ने गर्छन्, "हिजो आज समयमा वर्षात् हुँदैन । वर्षा हुँदा पनि अतिवृष्टि, अनावृष्टि, अल्पवृष्टि हुने गर्छ । मौसममा परिवर्तन भइरहँदा मानिस र सजीव प्राणीलाई असर पर्न थालेको छ ।" कुन मौसम कतिखेर हुनुपर्थ्यो अब त्यो अवस्था उथलपुथल हुन थालेको छ । हामीले हरियाली वातावरणलाई संरक्षण गर्न नजान्दा यो अवस्था सृजना भएको हो । प्रकृतिको महत्त्वलाई नबुझ्दा यस्तो स्थितिले डेरा जमाउँदै गएको पीडाले हामी अहिले दुःखित बन्दै छौँ । यसर्थ यसलाई जोगाउनु, हुर्काउनु हामी सबै मानिसको परम् कर्तव्य पनि हो ।

वायुमण्डलमा प्रदूषण बढ्नु मानिसको अज्ञानताको असर हो । मानिसले प्राकृतिक सन्तुलनका विषयलाई जान्दै अघि बढ्नुपर्छ । आज प्रदूषणको असरका कारण मानिसले विभिन्न रोगको सिकार बन्नु परेको तथ्य हामी भेट्न सक्छौँ । वैज्ञानिकहरू पनि यही चिन्तामा परेका छन् । यसर्थ हामीले वृक्षारोपण गरेर बाढी, पहिरो, भूक्षयलाई रोक्ने उपायलाई अपनाउँदै सुरक्षित हुने बाटोतिर ध्यान दिनुपर्छ । वातावरण सरसफाइ अभियानमा हामी सारा एकजुट भएर लाग्नुपर्छ । विषालु रासायनिक पदार्थलाई अघिको मीठो र पछिको तीतो हुने गरी प्रयोग गर्न छोडौँ । यसले हावा, पानी, माटो एकै साथ दूषित बन्दै गएको छ । यसले हाम्रो आयु घटाउँदै गइरहेको छ । यसर्थ हामी सबै मिलेर वातावरणको रक्षामा एकजुट हुनुपर्छ ।

विचार

वजजङ्गलको महत्त्व



सुरज थापा, कक्षा : ६ 'ख'

धेरै रुखबिरुवाहरू भएको स्थानलाई हामी वन अर्थात् जङ्गल भनेर बुझ्छौं । वनजङ्गल देशको सम्पत्ति हो । यहाँ अनेकौं प्राकृतिक सम्पदा हुन्छन् । नेपालका लागि त यो विकास र पहिचानको आधार हो । नेपाललाई यसै कारणले 'हरियो वन नेपालको धन' भनी सम्बोधन गर्ने गरिन्छ । हिमाल, पहाड र तराईको वन सम्पदाका आफ्नै खाले प्रकृति छन् । तराईका चारकोसे झाडी छ भने महाभारत चुरे पहाडमा जङ्गलका आफ्नै प्रकृति छन् । त्यहाँ पाइने वृक्ष वनस्पति भन्दा हिमालमा पाइने अझै फरक छन् । यी वनले देशको आर्थिक विकासमा विशेष टेवा पुऱ्याएको छ । यहाँको वातावरणलाई हराभरा तुल्याउने एउटै आधार वनजङ्गल नै हो । यो पर्यटकीय सौन्दर्यको आधार हो । यसको अध्ययन, अनुसन्धान तथा अवलोकन गर्ने उद्देश्यले विभिन्न देश, विदेशका मानिस नेपालमा आउँछन् । यो आर्थिक प्रगतिको आधार हो । पर्यटन व्यवसायलाई आर्थिक मेरुदण्ड मानिन्छ तर यसको मूल आधार वन-जङ्गल नै हो ।

वनजङ्गलसँग मानिसको साइनो पुरानो छ । मानिस वनजङ्गलमै हुर्कियो, विकसित बन्यो । मानिस जुनसुकै युगमा पुगेको हुँ भने पनि उसलाई सृष्टिक्रममा जिउन वनसँग सम्बन्ध राख्नैपर्छ । मानिसले औद्योगिक क्रान्ति गऱ्यो । वनका पशुप्राणीलाई घरमा ल्याएर पाल्यो । धर्ती छोडेर अन्तरिक्षमा प्रवेश गरे पनि ऊ प्रकृतिसँग निरपेक्ष रहनै सक्दैन । यसर्थ सजीव प्राणीको सम्बन्ध वनजङ्गलसँग सदियौंदेखि थियो । यसर्थ यसको संरक्षण र संवर्धन गर्ने दायित्व मानिसको हो । सन्तुलित वातावरणको रक्षार्थ हामीले आज बिर्सेका प्रवृत्तिको असरलाई भोग्दै आएका छौं । फलतः जलवायु परिवर्तनको सिकार भएका छौं । यो भयावह परिस्थितिलाई मानिसले नै जन्माएको हो ।

आज अल्पवृष्टि, अनावृष्टि, अतिवृष्टिको मारमा सारा प्राणीलाई पारिरहेको मानिस विकासका नाममा विनासको बाटोतर्फ लम्किएको छ । यसैका कारण हरितगृह ग्यास बढेको छ, पृथ्वीमा तापक्रम बढेको छ, प्राणी र वनस्पतिको लोप हुन थालेको छ । यसकै परिणाम स्वरुप विविध प्रकोपको सामना गर्दै आएको छ । यसर्थ मानिसले क्षणिक स्वार्थका लागि वनको दुरुपयोग गर्नुहुन्न । नाङ्गा र पर्ती जग्गामा वृक्षारोपण गर्ने, वन संरक्षण गर्ने, प्राकृतिक सम्पदाको विकासको महायज्ञमा होमिने यो समयमा जुट्नुपर्ने देखिन्छ ।

संवाद



वातावरण संरक्षण

तेजराज रेग्मी, कक्षा : ६ 'ख'

(एक दिन रामले उसको स्कुलबाट घर फर्किंदा उसले आफ्नी आमाले फोहोर फालेको देखेपछि आमालाई सम्झाउने कोसिस गरेछ.....)

राम : आमा ! यो तपाईंले के गरिरहनुभएको ?

आमा : देखिनस्, मैले यहाँ फोहोर फालेकी नि । फोहोर को गाडि पनि आउँदैन के गर्नु र....।

राम : हैन नि आमा यसरी फोहोर जथाभावी फाल्नु त हाम्रै लागि पनि हानिकारक हो नि ।

आमा : के हुन्छ त ?

राम : यसरी जथाभावी फोहोर फाल्यो भने, हाम्रो वरिपरि अनि यो हाम्रो बस्ती नै दूषित हुन्छ । यसको असर बिस्तारै प्रकृतिमा पनि पर्न थाल्छ ।

आमा : यो कुरा तँलाई कसले भन्यो नि ?

राम : मैले यो कुरा आज भर्खरै स्कुलबाट पढेर आएको ।

आमा : अहो ! तैंले त राम्रो कुरा पो गरिस् । मैले त यस्तो कुरा त कहिल्यै सोचिन ।

राम : हामीले फालेका फोहोरमा नकुहिने पदार्थ पनि छन् । त्यसले यहाँको माटोलाई बिगार्छ । हानि-कारक ग्याँस उत्पन्न हुँदा वायुमण्डलमा समेत असर पर्न सक्छ । यसै कारणले सारा प्राणीको अस्तित्व सङ्कटमा पर्छ र पर्दै जान्छ । बरु फोहोरलाई सदुपयोग गर्ने तरिका खोजौं ।

आमा : ए, ल ल अबदेखि म फोहोरलाई व्यवस्थित तरिकाले राख्छु । बरु तँलाई भोक लाग्यो होला खाजा खा ।

(त्यस दिनदेखि रामकी आमाले जथाभावी फोहोर फाल्न छोडिन् । गाउँका छिमेकीलाई पनि यही सन्देश दिँदै रमाउन पो थालिन् ।)

कथा



मजदुर र विद्वान

उज्ज्वल गौतम
कक्षा : ९ 'क'



ज्यामिरे भन्ने एउटा सानो गाउँमा धेरै जसो किसान पेसामै आबद्ध भएका मानिसहरूको बस्ती थियो । दिनभरी काम गरेर यसो हातमुख जोरजाम गर्ने उनीहरूको दिनचर्या थियो । गरिबीकै कारणले घरमा टिनको छानो भने हाल्ने कुरा त परै जाओस् घर छाउने क्षमता थिएन । गरिब भएर पनि धेरै जसोमा लोभ लालच थिएन । एक अर्कालाई सहयोग गर्नु तिनका लागि धर्म हो ।

एकदिनको कुरा हो त्यसै गाउँको एउटा मजदुर नयाँ घर बनाउन भन्दै जङ्गलतिर रुख काट्न गयो । खेतको नजिकै जङ्गल रहेछ । उसलाई काठजन्य चिज चाहिएकाले बेसुरमा रुख काट्न थाल्यो । अनि त्यो गाउँमा कागको बथानमा बकुल्लो जस्तो एउटा चाहिँ अलिक पढेलेखेको पनि रहेछ । त्यसरी बेसुरसँग रुख फाँडेको देखेर ऊ त्यहीँ गयो, "ए दाइ ! किन यस्तो बेसुरमा वन फडानी गर्दै हुनुहुन्छ ? यसरी वनै सखाप त नपार्नुहोस् न ।" तर पनि उसले सुनेको नसुन्यै गरी काटिरह्यो । फेरि भन्यो, "ए दाइ ! सुन्नुभएन ?"

काग कराउँदै छ पिना सुक्दै छ । आफ्नै सुरमा रुख काटिरह्यो । अब त ऊ नजिकै गएर भन्न विवस भयो, "ए दाइ ! यी रुखहरू यसरी बेसुरमा नकाट्नुहोस् न ।"

त्यो मजदुरलाई झनक्क रिस उठ्यो र भन्यो, "किन नकाट्ने मैले रुख ? मैले नयाँ घर बनाउन आँटेको छु ।"

उसले भन्यो, "रुख काट्दा धेरै ठूलो हानीनोक्सानी हुन्छ नि !"

त्यो कुरा सुनेर किसान गलल्ल हाँस्यो र भन्यो, "हानीनोक्सानी हुने भए रुखबिरुवाको यस धर्तीमा के काम रह्यो र !" उसले निकै सम्झाउन खोज्यो तर किसानले बोल्नै दिएन- "रुखको कामै छैन भने किन आयो यो रुख । यसको काम घर बनाउने, दाउरा बाल्ने त हो नि । यसको अरु के नै काम छ र !"

त्यो विद्वान्ले भन्यो, "हेर्नोस्, रुखले अक्सिजन दिन्छ । यसैको आधारमा हामी बाँचेका हुन्छौं । यसकै मद्दतले हामी स्वासप्रस्वास प्रक्रियालाई अपनाउन सक्छौं । रुखैका कारणले बाढी पहिरो जानबाट रोकिन्छ । वातावरण प्रदूषण हुनबाट जोगाउने आधार पनि यही नै हो । यसकै कारणले हरियालीको रक्षा हुन्छ । यसले देशलाई सुन्दर र हराभरा बनाएको हुन्छ ।"

अब भने त्यो किसान अलि मलिन बन्यो, "आफ्नो सम्पत्तिलाई मैले जे गर्न पनि पाउनु पर्दैन र ! मेरो खेतमा उम्रेको, हुर्केको रुखमा मैले आफ्नो अधिकार प्रयोग गर्न नपाउने भन्ने छ र !"

अब त के भनेर सम्झाउने भन्ने पिर पऱ्यो । अनि उसले भन्यो, "त्यसो भनेर कहाँ हुन्छ र । यसो भन्न कहाँ मिल्छ त । मेरो खेत जमिनमा पर्छ । अब यो जमिन मेरो हो भनेर कहाँ भयो र ! यसको संरक्षणमा मैले ध्यान नदिए अरु कसले सहयोग गर्छ र ! तेरो मेरोको भाव भन्दा प्रकृति त हाम्रो हो नि । यो रुख जोगाउनु भनेको प्रकृतिको रक्षा गर्नु हो । आखिर यो जङ्गलै रहेन, गाउँ नै रहेन भने तपाईंको जमिन कहाँ रहन्छ र ! आखिर ज्यानै रहेन भने सम्पत्तिको के अर्थ रहन्छ र !"

अब भने किसानको मनमा ज्ञान बोध भएको महसुस भयो । उसले आफ्नो अबुझपनासँग माफी पनि माग्यो । आजबाट एउटा रुख काटे अर्को रोपिहाल्ने प्रण गऱ्यो । आफ्नो कमजोरीलाई सुधारेर अरुलाई पनि यो ज्ञानबर्द्धक विचारलाई सम्प्रेषण गर्ने प्रतिबद्धता गऱ्यो ।

कथा

बिम्ब गाउँ



समीक्षा के.सी.
कक्षा : ८ 'ख'

एउटा प्रदेशमा बिम्ब नाम गरेको गाउँ थियो । त्यहाँका मानिसहरू मुखियाले भनेको कुरा मात्र मान्ने गर्दथे । मुखिया हर्क गुरुङलाई भगवान् भन्दा कम मान्दैनथे । एकदिन अकस्मात् उसको मृत्यु भयो । यो घटनाले सबैलाई ठेस लाग्यो । उनीहरूले हर्क गुरुङका प्रिय विजय थापालाई आफ्नो मुखियामा नियुक्त गरे । तर यता हर्क गुरुङको नाति हजुरबाको मृत्यु भएको खबर पाएपछि आफ्नो गाउँ फर्किंयो अनि आफूलाई मुखिया बनाउनुपर्ने दाबी गर्दै गाउँमा हल्ला मच्चाउन थाल्यो ।

विजयले भन्यो, "अब मलाई समाजले बनाएको हो । जोन भाइले राखेको प्रस्तावसँग झगडा गरेर राम्रो हुने होइन । हामी दुबै जना मुखिया बनौं ।"

गाउँका मानिसहरूले बिम्ब गाउँलाई दुई भागमा विभाजन गर्ने प्रस्ताव अघि सारे । विजय मुखियाले आफ्नो क्षेत्रलाई वातावरणीय सुन्दरतामा हराभरा बनाएर राख्न चाह्यो । उता जोनले उद्योग कलकारखना बनाएर सहर जस्तै बनाउने अभियान चलायो । दुबै आ-आफ्नै ढङ्गमा अघि बढ्न थाले । मानिसहरू जोजसलाई जसको विचार मन पऱ्यो उतैतिर लाग्न थाले । गाउँमा दुई विचारको चर्काचर्की चल्न थाल्यो । विजय मुखिया अलि नरम र शान्त स्वभावका भएकाले झगडिया बन्न चाहेनन् ।

विजयले आफ्नो क्षेत्रलाई पर्यटकीय सौन्दर्य स्थल बनाउने अभियान चलाए । वृक्षारोपण गर्दै जडिबुटी उद्योग खोले । लघु जलउद्योगको स्थापना गर्दै घरघरमा बिजुली पुऱ्याए । घरघरमा पानीको धारा राख्ने व्यवस्था गरे । गाउँ, टोललाई सफा तुल्याउन बाटो छेउमा रुख राप्नुपर्ने, हरेक घरले दुईवटा रुख रोप्नुपर्ने अभियानलाई सशक्त ढङ्गले सञ्चालन गरे । उनले प्रकृति संरक्षणको अभियान-सँगै विभिन्न जैविक खेती प्रणालीलाई तालिम प्रदान गर्दै सुख साथ बाँच्ने व्यवस्था चलाए । हरेक घरमा सुन्तला, आँपजस्ता फलफूल पनि समयअनुसार फल्छन् । अहो ! हरेक व्यक्ति आनन्दसँग प्रकृतिमा रम्छन् । चौतारा र साथमा वर पिपलको सौन्दर्यता छ । प्रत्येक घरमा फूलबारी छ । विजय मुखियाको सञ्चार माध्यममा विशेष चर्चा चलेको सुनिन्छ ।

उता जोन मुखियालाई उद्योगको भूत चढेकाले गाउँ नै फोहोर र दुर्गन्धित बन्यो । कालो धुवाँ मात्र बिहानैदेखि आकाशमा मडारिन्छ । उराठ लाग्दा पाखामा रुख काटेका ठुटा मात्र देखिन्छन् ।

जोन भन्ने गर्थ्यो, "हरेक कुराको फाइदा बेफाइदा हुन्छ । हाम्रो गाउँका हरेक जनता धनी बनिरहेका छौं नि ।" त्यसपछि त झन त्यो गाउँको अवस्था दयनीय बन्दै गयो । पानीका मुहान सुक्न थाले । अब भने सबै गाउँलेले गाइँगुइँ गर्दै जोनको विचारको विरोध गर्न थाले । उता विजयको गाउँको सुन्दरताले सबैको मनलाई खिच्न थाल्यो । हुँदा हुँदा त्यो गाउँका मानिस रोगी र बिरामी मात्र हुन थाले । अन्तमा जोनले सोच्यो अब त विजय मुखियासँग माफी माग्नै पर्ने भयो । विजय मुखियाले जडीबुटी दिएर जोनका गाउँका मानिसको उपचारमा सहयोग गरे । अब भने जोनलाई शिक्षा प्राप्त भयो भने पश्चाताप पनि भयो । त्यसपछि विजयलाई नै मुखिया मानेर सबैले हरियाली सिद्धान्तको व्यवस्थालाई अपनाएर सुखी रहे ।

■■■

निबन्ध



वातावरण संरक्षण

मृदुला के.सी., कक्षा : १० क

बच्चादेखि वृद्धसम्मको मुखमा माक्स लगाउनुपर्दा अनि जतातपै धुलोको सस्तो पाउडर लगाउनुपर्दा यो मनले प्रश्न गर्दै छ- मेरो देश साँच्चै प्रकृतिले सुन्दर बनाएको मुलुक हो । आज एउटा व्यक्ति घरबाट हाँसीखुसी निस्कन्छ तर बाहिरको फोहोरसँगै त्यो उमङ्ग र उत्साह गिर्छ । वास्तवमा यो विश्वमा रहेका सबै जीवजन्तुलाई वातावरणमा, प्रकृतिमा निर्बाध रहन पाउने हक छ । हुर्किन बढ्नका लागि वातावरण आवश्यक हुन्छ । यो वातावरणलाई बिगार्ने कुकृत्यलाई मानिसले नै जन्मायो । यसर्थ यसलाई सुधार्ने दायित्व पनि मानिसकै हो । हामी सबैलाई स्वच्छ र सफा वातावरणको आवश्यकता छ । हामी सबै स्वतन्त्रता-पूर्वक प्रकृतिमा रम्न चाहन्छौं ।

यो ब्रह्माण्डमा मानिस मात्र यस्तो प्राणी हो जसलाई सर्वश्रेष्ठताको दर्जा दिइन्छ । तर, आज उसकै हर्कतले सम्पूर्ण वनस्पति तथा सजीव प्राणीहरूको अस्तित्व धरापमा पर्दै छ । यो तीतो यथार्थका बिचमा रहेर "हरियो वन नेपालको धन" भन्ने उखान पनि एकादेशको कथा बन्दै छ । काठमाडौं, लुम्बिनी, विराटनगर, जनकपुर जस्ता क्षेत्र फोहोर र प्रदूषणका सिकार बन्दै गएका छन् । अनि यो प्रदूषणको डङ्गुरमा मानिस कसरी स्वच्छ रहला ? हाम्रा स्वच्छताका विचार र अभियान कछुवा गतिमा बढेका हो लान् तर विकसित देश अमेरिका, डेनमार्क, अस्ट्रेलिया जस्ता देशले ओजोन सतहमा पारेको असरलाई सोच्न थालेको छ । यो सङ्कटको चक्रमा मानिस स्वयम् जेलिँदै छ ।

मानवले वातावरणलाई हानी पुऱ्याएर आफ्नै खुट्टामा बन्चरो हानिरहेको छ । यसर्थ वातावरण संरक्षणको विषयमा सबै मानव समुदायको ध्यान जानु आवश्यक छ । वातावरण बिग्रँदा जलचर, स्थलचर सबै को जीवन जोखिमपना बढ्दै छ । हामी रातमा भ्यालबाट फोहोरको पोको मिल्काएर सभ्यतामा परिचय दिँदै छौं । नियम कोरिए तर नदी छेउ, बाटो, खोला कतै हेरिसक्नु छैन । मानिस अरुलाई सम्झाउँछ तर आफू सुधिँदैन । हामी नेपाल आमाको अस्मितासँग कति चिन्तित छौं । छिमेकी मुलुकबाट हामीले सिक्नुपर्छ । हामीले स्वच्छ नेपाल अभियानमा जुट्ने बेला भइसक्यो । यसलाई यथार्थतामा उतार्न नारा मात्रै होइन व्यवहार र सोच बदलिनुपर्छ । अनि हामीले यही गीतमा गुनगुनाउनुपर्छ :

स्वच्छ राखौं घरबार, स्वच्छ राखौं आँगन
स्वच्छ राखे हुनेछ, हाम्रो सुन्दर जीवन ।



Our nature

Sagar Tamang
Class:7 'A'

We need to protect the nature and protect other like forests; animals and we need to do sustainable development to have it for future use. If our nature is gone,we cannot live because plant gives us oxygen, food and shelter and cutting down of trees will destroy nature.



Nature- The Amazing Gift of God



Manisha K.C.
Grade: 9 'A'

This whole world, where a shine of beautiful bright colour glows, where a warm ray of heat enters our soul is the gift of that mother and father to whom we believe, to whom we trust and share our happiness and feelings, who lives in our inner heart " The God". Who knows who the God is but I say he is the one who created this world, this nature, us people as well as our inner most feeling, affection, love and all these things ranging and this whole universe.

I had this feeling when I was roaming around my village, when I was walking inside the forest and in everywhere at every time when I was alone, when I was talking to myself with my soul. Every time when I see some animals, insects or ba ba ba I feel it amazing. I talk to myself oh! What kind of creature you have created god. God and I always thank him for giving me such a precious life where this nature is giving her lap to sleep, eyes to see, ear to hear, feet to walk, hands to write and a brain to work, a heart to know inner feeling and affection.

I feel it's quite amazing as there is a thing more than nature to whom we depend upon. We are the sons and daughters of this nature who gave us this precious life. We are the ones who have the feeling of support and emotions. We are in this nature. If nature wants she could vanish us from this world but she is not doing, as she loves us. So we should not try to kill her rather save and support her.

It's amazing as she created the great mountains by which we can be yield, great angel falls, rivers, streams, which can totally touch our heart. These all are for we creature, for everyone. So, she loves us clearly as our mother and it's our duty to love her like our own mother and motherland.

Nature has created other more menus. She is full of bright colour and shines which can be seen in hills and mountains after rain has stopped (RAINBOW) so we cannot think how amazing she is. She is full of amazing things. But similarly after these positive aspects she has created some negative aspects too like dangerous caves, roads, and mountain as well as aspects like volcanic hills which are too bad for all of us. But if we want we can be secured of it. But even if everything that could harm us, has a purpose because everything in nature has a meaning.

So to conclude it, I can easily say that by seeing the over whelming things around me. 'Nature is amazing the gift of god'.



गीत



वातावरण रक्षा

आयुषा बूढाथोकी
कक्षा : ७ 'ख'

वातावरण हाम्रो सम्पदा हो गरौं यसको रक्षा
रक्षा गर्न सके फाइदा हुन्छ बुझौं मित्र आज

वातावरण जोगाऊँ वायुमण्डल प्रकृति र पानी
त्यसैले त प्रकृतिलाई प्रेम गर्थे, ऋषि-मुनि ध्यानी
वातावरण बिगारेमा हुन्छ बुझौं हाम्रै देशमा हानी
यसैसँग प्रेम गरौं अब त केही सङ्कोचै नमानी

वातावरण हाम्रो सम्पदा हो गरौं यसको रक्षा
रक्षा गर्न सके फाइदा हुन्छ बुझौं मित्र आज

यही जङ्गलले दिन्छ बुझौं अक्सिजन पानी
स्वच्छ हावा, स्वच्छ जीवन हुन्न स्वास्थ्य हानी
पशुपक्षी सजीव प्राणी मानवलाई पनि
प्रकृतिको रक्षा गरौं कर्तव्य हो यो भनी

वातावरण हाम्रो सम्पदा हो गरौं यसको रक्षा
रक्षा गर्न सके फाइदा हुन्छ बुझौं मित्र आज

वातावरण संरक्षणमा राखौं मित्र चासो
छोड्नुपर्छ सन्ततिलाई स्वच्छताको नासो
सधैं चाहिने, नभई हुन्न पर्ने सधैं खाँचो
स्वच्छ पारौं आफ्नै लागि देशको यो नासो ।

कविता



रुखको माया

पूजा आचार्य
कक्षा : ८ 'ख'

डाँफे र चरी नाच्दछन् त्यहाँ
वातावरणको हुन्छ जहाँ माया
रुखको हाँगामा रमाउँछ बाँदर
उसैले गर्छ प्रकृतिलाई आदर ।

रोपेर फूल रमाउने मौरी
हाँसेर सधैं खेलिरहन्छ दोहोरी
मासिँदा फूल, हरियाली रुख
रुन्छ रे सुख रमाउँछ दुःख ।

मानिस घाममा जब हिँड्छ, बुझ्छ
पसिना बग्छ दुःख मान्दै पुग्छ
रुखको जब पाउँदछ छायाँ
लाग्दछ तब रुखको माया ।

कसैले रोप्छ फूलको बोटलाई
कसैले चुँड्छ अज्ञानता बढाई
नाच्छन् ती चरी खुसीलाई भरी
आनन्द पाऊँ रुखलाई माया गरी ।



Natural Beauty

Rishu Prajapati,
Class : 5 B

The beauty which is gifted by nature is called Natural Beauty. Natural Beauty reflects our identity. This Natural Beauty has gifted many things like lovely water fall, green valley, etc. Nature can bring lots of beauty in our lives. But preserving natural beauty is one of the way of appreciating thing. Natural Beauty has way of affecting our mood. Natural Beauty is the most beautiful and attractive thing. Natural beauty is the best friend which provides us all resources. Natural Beauty also makes us happy. We should not destroy the natural beauty. I love natural beauty. If we love the Natural beauty then we should preserve Natural Beauty.

संवाद



वनजङ्गलको महत्त्व

अस्मिता पोखेल, कक्षा : आठ 'ख'

(राम जङ्गलमा धमाधम रुख ढाल्दै छ । जाडो बिदामा दिउँसो जङ्गलमा घाँस काट्न गएकी रुपाको आँखा एक्कासि रामतिरै जान्छ ।)

रुपा : राम दाइ, तपाईले किन यसरी केही नसोची वन फँडानी गर्नुभएको हँ ?

राम : के गर्ने नानी ! बाँच्नै पऱ्यो । रुख नकाटे, दाउरा नबेचे मेरो गुजारा चल्दैन । जहान छोराछोरी भएपछि आफ्नो भन्दा अर्काको लागि बाँच्नुपर्दो रहेछ, हउ नानी.....

रुपा : (डोको बिसाउँदै) तपाईले दाउरा बेच्नुको साटो अरु पनि त केही गर्न सक्नुहुन्थ्यो होला नि हैन र !

राम : काम भन्ने बित्तिकै कसले दिन्छ र नानी ? (खुई गर्दै) एकभारी दाउरा बेचे एक छाक त टर्छ ।

रुपा : सुन्नुहोस् राम दाइ, रुख त काट्नैपर्छ, ठीकै छ तर अर्को रुख पनि त रोप्नुपर्छ । सकेसम्म सुकेका रुखलाई दाउरामा प्रयोग गरे कमसेकम वन फँडानी कम हुन्छ ।

वनजङ्गलको व्यवस्थापन गर्नु हामी सबैको दायित्व पनि हो । प्रकृति र मानिसको घनिष्टतालाई त बुझ्नैपर्छ । यसरी नाङ्गो डाँडा बनाएर भोलिका पिँढीले कसरी सास लिने हरियाली त कहाँ रहन्छ र ।

राम : (अलिकति विभोर भएर) ओहो ! नानी यस्ता कुरामा त मैले सोचेकै थिएन । अब म दाउरा बेच्ने भन्दा अरु केही काम खोज्छु । कुरा त सही हो नानीको ।

रुपा : ल अहिले म लाग्छु , आशा छ अब यहाँले अर्को पेसा अपनाउने बारेमा ध्यान बढाउनुहोला ।

राम : अब म विकल्प खोज्छु नानी । तिमीसँग भेटेर साह्रै खुसी लाग्यो । तिमीले मेरो आँखा खोलिदियौ । धन्यवाद !

(रुपा डोको बोकेर आफ्नो बाटो लाग्छिन् ।)

प्रबन्ध

वातावरणको संरक्षण



स्नेहा अधिकारी , कक्षा : ६ 'ख'

वातावरणलाई व्यापक र बृहत क्षेत्रभित्र पर्ने स्थानका रूपमा चिनिन्छ । हावापानी स्वच्छ भएको अवस्थालाई स्वच्छ वातावरणको रूपमा चिनिन्छ । हामी वरिपरिको परिवेशलाई सुन्दर र हराभरा बनाएमा त्यो स्थानलाई स्वच्छ वातावरण भएको स्थान भनिन्छ । हाम्रा संस्कृतिले हामीलाई वातावरण रक्षा गर्न सिकाएका छन् । यसर्थ हाम्रो वरिपरिको परिवेश, सास फेर्ने हावा, खाने पानी मात्रै होइन खेल्ने चउर पनि स्वच्छ हुनुपर्छ । आफू वरपरको स्थानलाई सफा राख्न सकियो भने हाम्रो निम्ति वातावरण स्वच्छ हुन्छ तर त्यतिले मात्रै वातावरणको क्षेत्रलाई समेट्न सक्दैन । यसको संरक्षण गर्नु मानिसको दायित्व हो । हामी सबैलाई थाहा पनि छ तर हामीले यस्ता विषयलाई गहिरोसँग बुझ्न सकेका छैनौँ । वातावरणको संरक्षणमा मानिसको भूमिका उच्च रहेको हुन्छ । जतातते फोहोर फाल्ने अनि बोटबिरुवालाई जथाभावी काट्ने, फाँड्ने गर्दा प्रकृतिमा असन्तुलन उत्पन्न भएको छ ।

घर, सडकको छेउछाउमा रुख बिरुवा रोप्नु मानिसकै लागि हीतकारी छ । वातावरणलाई स्वच्छ, सफा, सुन्दर र हराभरा बनाउने दायित्व मानिसकै हो । वनजङ्गललाई हुर्काउने, हरियो बनाउने, व्यवस्थित तुल्याउने, बसोबास व्यवस्थापन गर्ने खुबी मानिसमै हुन्छ । पशुपक्षी तथा जनावरको रक्षा गर्न सिकाएका छन् । पशुपक्षीलाई सिकार गर्ने, मारेर खाने प्रवृत्तिलाई सुधार्न अब हामी सबै एक बन्नुपर्छ । असल संस्कार र व्यवहारले नै समाजलाई बदल्न सकिन्छ । असल आनीबानीको विकास गरेर अघि बढ्ने क्षमतालाई विकास गर्नुपर्ने मानिसले जन्मदिनमा रुख रोप्न सिकोस् । पर्ती, ऐलानी जग्गामा वृक्षारोपण गरेर हराभरा तुल्याओस् । अरु प्राणीलाई पनि हामीलाई जस्तै पीडा हुन्छ भन्ने कुरालाई मानिसले बोध गर्नुपर्छ । हामीले आफू जन्मेको स्थान, उजाड भूमि, वरपर, चउर, खोला, घर, आँगन, चउर लाई समेत् सुन्दर र हराभरा तुल्याउनुपर्छ । उद्योग कलकार खनालाई व्यवस्थित बनाएर प्रदूषण कम गर्ने उपायलाई खोजिनुपर्छ । वायुमण्डलीय अवस्थामा आइरहेको परिवर्तनलाई ख्याल गर्दै प्रकृतिलाई जोगाउनु अबको मानवको परम् कर्तव्य हो ।

Environment





Pasang Sherpa and Smriti Gurung
Grade 6 A

The environment is very important for all living animals and humans, but the humans are the greatest danger for the environment and animals. To build their own place of living and even improve their standard of living, they destroy a lot of trees and natural habitats of animals. The animals lose their natural habitats and cannot find anything to eat anymore, they are starting to starve and coming closes to human civilization. The humans don't like that and start to hurt them, this leads after to the extinction and often too the extinction also. That leads to a huge loss in our beauty and variation in the animal world and that is very sad. We should save our environment and save animals from extinction.

Poem

Wild beasts



Suyan Shrestha
Grade: 4 A

I will be a lion
And you shall be a bear
And each of us will have a den
Beneath a nursery chair
And you must growl, growl and growl
And I will roar and roar
And then…… why, then….. You'll growl again.
And I will roar some more.



Story

One Greedy Tall Tree



Sagar Sherpa
Class: 7 A



Once upon a time, there was a forest. In that forest, there were different types of trees. One was the greedy tall tree. It had beautiful leaf like flower. But he did not like it. One day. He prayed for lord Shiva. Shiva lord appeared. Then the greedy tall tree told lord Shiva, 'My Lord Shiva please help me'. Then lord Shiva asked the greedy tall tree'How can I help you?' then he requested god to give him the soft and green leaf. He used to tease other trees because now he has soft and green leaves.

One day a big rain comes and all his soft and green leaves fall off then he was naked. And he again had beautiful leaves like flower then other trees teased him then he again worshipped lord Shiva and he appeared. The tree told by crying, please help me, I want the heavy and green leaves.' The lord Shiva gave him the heavy and green leaves but it was too heavy so he could not hold it and his branches broke down. And he asked help to lord Shiva and Lord Shiva told,"I think now you realized that we should not be greedy" and lord Shiva disappeared and the greedy tall tree realized not to be greedy. From that time, he became friendly with others.



Polluted Air

Dhirendra Shrestha
Class: 7 A

The air that we breathe today is more polluted than it was before. More factories, more vehicles, greater use of aerosols and sprays increasing number of refrigerators and air conditioners that release CFCs gases, have all contributed towards pollution. When certain chemicals release from the smoke and get mixed with water it causes acid rain. And trees slowly lose their leaves and die. Fertile soil turns acidic and damages the plants and crops. The fish and animals living in lakes or seas are killed. Even our drinking water can be affected. Many forests all over the world have suffered severe damage on account of acid rain. Before it is too late, we must try to stop the vehicles and factories and it will be better than that air.

Trees and Life



Sabin Ghale Gurung
Grade 7 A

Environment is our surrounding with mutual resources and cultural heritages. There are many animals in the forest. If we cut the woods, we can't conserve the endangered animals. These animals will be driven away from their natural habitats. Forests or trees give us wood, fruit and life supporting resources. So, we have to grow trees. Growing trees helps to increase greenery. Trees and herbs are also used to make medicines. Our ancient medicine system, Ayurveda, is also based on the uses of herbs and trees. So, to make our own life better too, we must save the trees.



Wild Animal – Zebra

Malima Thapa Magar
Grade: 6 A

Zebras belong to horse family. They are wild horses found in Africa. They have been called ponies in pyjamas because they are covered with black and white stripes. No two zebras have the same arrangement of stripes. Zebras are classified into three species. They are plain zebras, mountain zebras and Grevy's zebra. The latter two groups are rarer species and they live in drier and more remote countries.



A herd of plain zebras consists of many families and they recognize members of their own family and their neighbours by their different stripe patterns. Young males leave their family and join a bachelor group when they are about four years old. They will take over a family of their own by the age of about five.

An adult zebra's length from head to body may be from 200 to 240 centimeters. It normally lives up to twenty-five years.

WATER





Meena Ghimire
Class 6 A

Water, the word is enough to know its importance without water, there is no life on the earth. From plants to human, water has the most vital role. Even water itself is covering about 70% of the earth's surface. Without water, we will go into dehydration which may lead the whole living beings to death.

The atmosphere is maintained because of water, we drink water to live. We eat food and the food is prepared with the help of water. We cannot imagine our life without water. We need it to irrigate field. We wash our clothes, brush teeth, shower, cook food, clean, grow plants, etc. with the help of water.

But at the same point when water gets polluted, many kinds of diseases are spread. The polluted water causes us to diarrhiea, dysentery, bad smell etc. and natural disasters like flood, landslide occurs due to huge amount of water.

Thus, water should be used properly. We should be aware about the use of water.

Environmental Conservations



Sangam Thapa
Class 7 'A'

People in this world are using too much fossil fuel that leads us to global warming. Global warming is the process which increases atmosphere temperature due to the use of fossil fuel. Fossil fuel pollutes environment because it creates lots of carbon dioxide and destroys oxygen. Due to which we have to conserve environment.

We can conserve environment by planting plants and cleaning the environment. But, we have to use fossil fuel to run vehicles, factories, to cook food, etc. we may think that "how can it be stopped and global warming could be low by using electricity". But, in our country, electricityis not enough produced. So, the government is constructing hydroelectricity dam and solar energy. Due to the hydroelectricity our country can produce 6 hundred and forty five megawatt only. And still 52% of people haven't got electricity yet and only 48% people are getting hydroelectricity. This is because hydroelectricity dams are very expensive to make and our country has many mountains due to which transporting electricity is very expensive.This is another problem, but there is still a solution that is, we can use solar energy. Scientists believe that from solar energy we can produce 2 crore and 6 lakhs megawatt electricity. Another advantage is it can be transferred from one place to another place and can be put anywhere. There are many things that conserve our environment like bio gas, wind turbine, etc.

Role of People in Forest Conservation



Ashish Chhetri
Grade : 10

The earth is one of the planet in which life is possible. According to the old planet esimal hypothesis it states that a huge gaseous mass and a comet collided together, as aresult, a very large amount of matter was thrown out of the sun. These hot matters cooled and the earth with other planets was formed. The remaining mass was the sun. This theory is written by the French philosopher George Buffon in 1749 A.D.

In the earth, the living beings can survive due to the presence of atmosphere. The earth is surrounded with about 70% of water and about 30% of land. For the living organisms, the oxygen is required. It can be produced by plants. The plants need carbon dioxide; it is produced by human beings. The plant and trees are used for many purposes. The plant is used for medicine like orchid plants; it is used to cure the diseases like cholera, common cold, etc. The trees are used for making furniture like tables, benches, door, etc. The people use the wood for burning fire. In the modern age, the forests are being destroyed day by day due to the overpopulation, urbanization and industrialization.

Moreover, forest is also the home of animals. To preserve it, conservation and management should be done in the following ways:

- Systematic and scientific ways must be used to cut down and plant trees.
- Forest fire must be prevented
- Forest must not be used haphazardly and unwanted use of trees must be prevented.
- The laws made by the government for the preservation of forests must be followed.

By following the above given ways, we should preserve forests. They should run the campaign and awareness programs so that the forest can be conserved. The government should also support to protect the forest. At last the more important is people's participation. The people can play crucial role by publishing news in newspapers, articles in magazines, and so on. So, the people who are educated, they can conserve forest of world by uploading different inspirational videos about environment and forest conservation from the people.

वन्यजन्तु परिचय

बाघ



विपिन सापकोटा
कक्षा : ६ 'क'

बाघ जङ्गली जनावर हो । यो मांसाहारी जीव भएकाले यसको अगाडि मानिसलाई पनि डर लाग्छ । दुईवटा आँखा, चारवटा खुट्टा, नाक, पुच्छर भएको बिरालोको ठूलो रूपजस्तो देखिने यो जनावर हात्तीपछिको जङ्गलको दाश्रो ठूलो राजा हो । यसको साथी सिंह हो । यो मांसाहारी जीव भएकाले यसको मुख चौडा हुन्छ । नङ्ग्रा हुन्छन् भने लामा लामा दाह्रा हुन्छन् । यसको तौल १५० किलोदेखि २५० सम्मको रहेको पाइन्छ । यसको उचाइलाई हेर्दा भने ३ देखि ४ फिटसम्म रहेको बताइन्छ । बाघ पनि पाटे बाघ, सेतो बाघ आदि हुन्छन् । नेपाल बाघको राम्रै सङ्ख्या भएको देश हो । यसको संरक्षण गर्ने बारेमा बेलाबेलामा चर्चा परिचर्चा गर्ने गरिन्छ । यसको संरक्षण गर्नु हाम्रो दायित्व पनि बनेको छ ।



विद्यार्थीका चित्रकलाहरू



Art by: Rubi Rai, Class: 8 'B'



Art by: Ashma Gurung
Class: 5'B'



Art by: Rajkumari Tharu, Class: 9 'A'



Art by: Birsana Pun
Class: 5'A'



Art by: Kishor Karki
Class: 8'B'



Art by: Niraj Babu Bhatta, Class: 9 'A'

Conservation Awarness : Education Exhibition



Mayor, Tarkeshwor Municipality
Rameshwor Bohara



Chief , Disrict Education office Kathmandu
Praksh Sapkota



Parents observing and receiving Green guard magazine



Students with painted face



Parents with dummmy wildanimals



Students observing stall